# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १३ | बुटवल | २०८१ पौष २३, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Jan 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## मृत भेटिइन् रेस्टुरेण्टमा काम गर्ने युवती



बुटवल । रुपन्देहीको तिलोत्तमा शंकर नगरस्थित एक रेस्टुरेण्टकी कामदार युवती आफू सुतेको कोठामा मृत भेटिएकी छिन् ।

गुल्मीको मालिका गाउँपालिका- ८ मरभुङ्ग रैथुम टोलकी २० वर्षीया बिमला राना कुमाल तिलोत्तममा नगरपालिका-२ शंकरनगरस्थित नेवारी खाजा घरको कोठामा मृत भेटिएको बुटवल इलाका प्रहरी कार्यालयका प्रमुख डीएसपी विजय पण्डितले बताए ।

डीएसपी पण्डितले भने-'खाजा घरमा काम गर्दै आएकी थिइन् । आफू बस्ने कोठामा झुण्डिएको अवस्थामा भेटिएपछि हामीले अनुसन्धान थालेका छौं ।'

उनका अनुसार गुल्मीस्थित उनको घरबाट आफन्तहरु झिकाइएको र थप अनुसन्धान भरहेको छ । मृतक युवती १४ महिनादेखि नेवारी खाजा घरमा काम गर्दै आएकी थिइन् । सोही खाजा घरको कोठामा उनी बस्ने गर्दथिन् । उनले राति साढे ११ बजेतिर फेसबुकमा बाबु आमा सम्झेर स्टाटस लेखेकी थिइन् ।

मालिका गाउँपालिका ८ का वडाध्यक्ष सूर्यबहादुर जिसीले घटना थाहा पाएपछि मृतकका बाबु थम्मनबहादुर कुमाल र उनकी श्रीमतीलाई रुपन्देही पठाइएको जानकारी दिए ।

## लागुऔषधसहित पाँच पक्राउ

अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्कमा लागुऔषधसहित पाँच जना पक्राउ परेका छन् । दुई छुट्टाछुट्टै स्थानमा पाँच जना पक्राउ परेका हुन् । सन्धिखर्क नगरपालिका-१०, बिहारमा चेकजाँच गर्दा सन्धिखर्क-१ का प्रतिक भनिने शिलबन्दु कँडेललाई लागुऔषधसहित प्रहरीले पक्राउ गरेको हो । २४ वर्षीय कँडेलको साथबाट पाँचसयको नोटमा लुकाई राखेको अवस्थामा ३६० मिलिग्राम ब्राउन सुगर फेला परेको हो ।

यस्तै सन्धिखर्कमा बुटवलबाट आउँदै गरेको हाईस चेकजाँचको क्रममा लागुऔषधसहित चार जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ । पक्राउ पर्नेमा सन्धिखर्क-१० का २१ वर्षीय कमलप्रसाद खत्री, सन्धिखर्क-१ का २० वर्षीय सुरज कुमाल, २० वर्षीय सुजन नेपाली र १९ वर्षीय सुमित रायमाझी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद पौडेलले जानकारी दिए ।

उनीहरुको साथबाट १३० मिलिग्राम ब्राउन सुगर नामक लागुपदार्थ फेला परेको हो । पाँचै जनालाई अदालतबाट म्याद थप गरी अनुसन्धान जारी छ ।

# एमालेले मिशन-०८४ लक्षित अभियान चलाउने

बुटवल । एमालेले आगामी आम निर्वाचन लक्षित कार्यक्रम अघि बढाउने भएको छ ।

जारी केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीबाट पेश भएको राजनीतिक प्रतिवेदनअनुसार, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकबाट गरिएको संकल्पका आधारमा पार्टी कार्यक्रम प्रस्ताव गरिएको हो ।

निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न पहिलो दायित्व पार्टीको अभियान बुझ्ने र बुझाउने हुनुपर्ने प्रस्ताव गरिएको छ । गत बैशाखमा सम्पन्न राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकबाट पारित सात विषय एमालेले बुझ्नुपर्ने कामहरूमा राखिएको छ । तीन सात विषयमा पार्टी सदस्यता विस्तार, नवीकरण तथा अभिलेख व्यवस्थापन, प्रतिनिधि छनोट, अधिवेशन र नेतृत्व चयन, कमिटीको चेन-अफ-कमाण्ड कायम गर्ने र कार्यकर्ताको मूल्याङ्कन, कमिटी सञ्चालन र गुटबन्दी अन्त्य, कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण, आर्थिक-सामाजिक रुपान्तरण र जनचासोका विषय सम्बोधन र निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि निर्वाचनको व्यवस्थित तयारी रहेका छन् । यी प्रत्येक विषयमा पार्टी पंक्तिमा गम्भीरतापूर्वक बुझ्ने र कार्यान्वयन गरिनुपर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी, वार्षिक कार्ययोजना बनाएर काम गर्ने दोस्रो प्रस्ताव अघि सारिएको छ । पार्टीले तय गरेको अवधारणाका आधारमा वार्षिक कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिने प्रस्ताव अध्यक्ष ओलीले अघि सारेका छन् ।

पार्टी स्कुलिङलाई स्थायी र थप प्रभावकारी बनाउने तेस्रो प्रस्ताव छ ।

छिट्टै स्थायी संरचनासहित स्थायी स्कुल सञ्चालन गर्ने योजना ल्याइने भएको छ । प्रदेश तथा जिल्ला कमिटीले पनि पार्टी स्कुलिङको कामलाई नियमित अङ्ग बनाउनुपर्ने र स्थायी स्कुल सञ्चालन गर्न प्रस्ताव गरिएको छ । चौथो प्रस्तावमा सङ्गठन विभागको सुझाव कार्यान्वयन रहेको छ । मिसन– ०८४ को लक्ष्य पूरा गर्न भर्खरै सम्पन्न संगठन विभागको राष्ट्रिय भेलाले निकालेको निष्कर्ष कार्यान्वयनमा लैजानुपर्ने प्रस्ताव छ । यो भेलामा जनतासँग प्रत्यक्ष जोडिने कमिटीका नेताहरू सामेल भएकाले निष्कर्ष पनि महत्वपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेतृत्वप्रति हुने गलत प्रचारको खण्डनलाई एमालेले महत्वपूर्ण पार्टी कामको रूपमा अघि सारेको छ । निराधार र कपोलकल्पित आरोप लगाउने, नेताहरूको चरित्र हत्या गर्ने र जनतामा भ्रम एवं निराशा फैलाउने यो अभियान एमाले विरुद्ध संगठित रुपमा अघि बढेको एमालेको निष्कर्ष छ । अध्यक्ष ओलीको राजनैतिक प्रतिवदेनमा भनिएको छ-'राष्ट्रिय राजनीतिमा नेकपाएमालेको जुन स्थान, हैसियत र भूमिका छ, यसलाई कमजोर पार्ने सुनियोजित उद्देश्यमा केन्द्रित छ ।'



सकारात्मक सूचनाको प्रवाह गर्न र गलतको खण्डमा उत्रनुपर्ने एमालेको प्रस्ताव छ । प्रस्तावमा भनिएको छ–'विज्ञानको नियमै हो-ताजा हावाका लागि झ्याल खोलिएन भने दुर्गन्धले ठाउँ लिन्छ । सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यमहरूमा सकारात्मक विषयहरू सम्प्रेषित भएनन् भने ती ठाउँहरू मिथ्या सूचना, भ्रान्ति, नकारात्मकता र कुण्ठाले भरिन्छन् । त्यसैले सबै कमरेडहरूले राष्ट्र र समाजमा भइरहेका सकारात्मक प्रगतिहरू, नागरिकहरूले गरेका सफलताका कथाहरू र हाम्रो पार्टीले गरेका सकारात्मक कुराहरू सम्प्रेषित गरेर मिथ्या प्रचारको बाढीलाई रोक्न जरुरी छ ।'

पार्टी पंक्तिलाई सुशासन, विकास र उद्यमशीलतासँग जोड्ने एमालेको प्रस्ताव छ । 'आज हामी कुनै न कुनै रूपमा सत्ताको नेतृत्व गरेर वा सत्तामा जोडिएर अगाडि बढिरहेको हुनाले पार्टीलाई निरन्तर स्वच्छ, जनमुखी र रुपान्तरणकारी बनाइराख्नु पर्नेछ ।'- प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा स्वस्छ, जनमुखी र रुपान्तरणकारी पार्टी बनाउन पेशागत र जनसंगठनहरूले आफ्नो वर्ग र समुदायको समस्या बुझ्नुपर्ने, जनप्रतिनिधिहरूले जनतासँग जोडिनुपर्ने र विधायकहरूले नीति निर्माणमा विशेष ध्यान पुऱ्याउनुपर्ने उल्लेख छ ।

प्रतिवेदनमा भनिएको छ-'पार्टीमा, विशेष गरेर युवा पुस्तामा उद्यमशीलता, उत्पादनमा जोडिने र स्वरोजगारी, रोजगारी सिर्जना गर्ने कुरामा केन्द्रित हुनुपर्छ । काांग्रेससहित ६ दलको समर्थनमा पार्टी अध्यक्ष ओलीले नेतृत्व गरिरहेको सरकार र सत्ता समीकारणलाई सफल पार्नु पनि एमालेको भावी कार्यक्रमभित्रै राखिएको छ ।

प्रतिवेदनमा भनिएको छ-'एमाले र नेपाली काङ्ग्रेसबिचको यो सहकार्य मुलुकको आवश्यकता हो, राजनीतिक स्थायित्वको आधार हो र संभवतः अन्तिम सकारात्मक विकल्प पनि हो । त्यसैले यसलाई सफल तुल्याउनै पर्छ । यसका लागि सरकारले आफ्नो ध्यान डेलिभरीमा दिनु पर्छ भने पार्टी पंक्तिले नीतिगत सुझाव, सकारात्मकलाई रचनात्मक सुझाव र राम्रो कामको सकारात्मक प्रचारमार्फत् स्थापित गर्नुपर्छ ।'

एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन अहिलेकै पार्टी संरचनाले मात्र नपुग्ने निष्कर्ष ओलीले प्रस्तुत गरेका छन् । पार्टीलाई अझ बिस्तार गर्ने र जनाधार बढाउन नेता-कार्यकर्ता लाग्नुपर्ने प्रस्ताव गरिएको छ ।

विशेषगरी युवा पंक्तिलाई पार्टीसँग जोड्नुपर्ने विकल्प अगाडि बढाइएको छ । प्रतिवेदनमा भनिएको छ-'जनाधार भएका, भविष्य भएका, संभावनायुक्त नेता, कार्यकर्ता र युवा पंक्तिलाई पार्टीमा आबद्ध गर्ने कुरामा जोड दिँदै पार्टीको जनाधार फराकिलो बनाउनु पर्छ ।'

# बेलहिया नाकाबाट ९२ हजार पर्यटक



**मोहम्मदहबिब**

*भैरहवा*

स्थलमार्ग भई सबैभन्दा बढी पर्यटक आवगमन हुने नाका रुपन्देहीको बेलहियाबाट सन् २०२४ मा १ सय ९७ देशका ९२ हजार ६ सय ४४ पर्यटक आएका छन् । कोभिड अगाडि यहाँबाट वार्षिक ३ लाख पर्यटक आएको तथ्यांक छ ।

शून्य अवस्थामा पुगेको पर्यटकको अवस्था विस्तारै बढ्न थालेपछि पर्यटन व्यवसायीमा उत्साह थपिएको छ । बुद्ध जन्मस्थल लुम्बिनी अवलोकन र दर्शनकालागि अधिकांश पर्यटकहरु यो नाकाहुँदै नेपाल भित्रिएर अन्य पर्यटकीय गनतव्यहरुमा पनि जाने गरेका छन् ।

पछिल्लो समय यो ना कामा पर्यटनमैत्री वातावरण नभए पनि पर्यटकहरु सास्ती खेपेर नै नेपाल आउने गरेका छन । सिमामा हुने सुरक्षाको नाममा सास्ती, अध्यागमनमा ढिलो प्रक्रिया, अव्यवस्थित सिमाका पूर्वाधार र पर्यटकमैत्री व्यवहार नहुँदा पर्यटक आगमन आक्रामक ढंगले बढ्न नसकेको व्यवसायीहरु बताउँछन् ।

ठुलो संख्यामा पर्यटक भित्रिने नाका व्यवस्थित गर्न भने कसैको ठोस योजना नै देखिंदैन । पर्यटकको बसाई धेरैभन्दा धेरै गरी अत्यधिकमात्रामा पर्यटक भित्र्याउने रहेको भए पनि पर्यटकहरुले नेपाल बसाईको क्रममा सहजता हुने किसिमले पाउने सूचनाबारे सम्बन्धित निकाय नै मौन छन् ।

"सिमाको पाइलापिच्छे चेकिङ र पर्यटकमाथि भएको व्यवहारले पनि यो नाकामा पर्यटक आउने माहोल छैन । म श्रीलंकाबाट आएको र यहाँ नियमित रुपमा पर्यटक लिएर आउने गरे पनि यहाँ पूर्वाधार र व्यवहार पर्यटन मैत्री छैन ।'–श्रीनिवास पल्लिले भने ।

पल्लीका अनुसार, अर्को ग्रहबाट आएको व्यवहार बोर्डरमा हुन्छ, बुद्धको देशमा आएको जस्तो अनुभूति नै छैन, यहाँ सुमधुर स्वागतसहितको आतिथ्यता हुन जरुरी रहेको छ ।

लुम्बिनीमात्रै होइन नेपालमा धेरै मनोरम ठाउँ छन । धार्मिक, सांस्कृतिक र प्राकृतिक रुपमा नेपाल धेरै सम्भावित ठाउँ भए पनि सिमामा भएको स्वागतले नै मन खिन्न बनाउँछ । भारतको देवरियाबाट आएका सोनुले बताए ।

उनी भन्छन्-"भन्सारबाट जसो तसो निस्के सुरक्षाको नाममा भारतीय गाडी पटक-पटक चेकिङ गरेर हैरानी दिइन्छ । केहीदिन पहेलो कार्ड लागू गरेर रुपन्देहीमा चेकजाँच नहुने भने पनि अहिले त्यो कार्ड पनि दिन हटाइएको छ । लुम्बिनीसम्म पुग्दा ५ ठाउँमा हाम्रै गाडी चेक भएर फर्केको हो । अनि कसरी भन्ने नेपाल फर्केर आउ ।"

अहिलेको समय पर्यटकको लागिर्गा सजन हो । सिजनमा नेपाल भ्रमणमा आउने पर्यटकहरुको संख्या बढ्दा भिसा लगाउन र नेपालबाट बाहिरिने पर्यटकलाई डिपार्चरको प्रमाणिकरण दुर्त गतिमा गर्न अध्यागमन कार्यालय बेलहियाले सकेको छैन । कर्मचारीको अभावले केही महिनायता ढिलाइ हुँदै आएको कार्यालयले स्विकार गर्छ । अध्यागमन कार्यालय बेलहियाका प्रमुख नारायणप्रसाद पाण्डेले सेवा लिन आउने पर्यटकको तुलनामा कार्यालयमा उपलब्ध जनशक्ति कमी रहेको र एकै पटक धेरैजना पर्यटक आइपुग्दा केही समस्या हुने गरेको बताउँछन् ।

कहिलेकाँही १५ सय भन्दा धेरै पर्यटक एकैदिन आइपुग्छन् । कार्यालयमा प्रमुखसहित पाँच जनामात्र कर्मचारी छन् । एक जना कर्मचारीले दैनिक १४ घण्टासम्म सेवा दिनु परेको छ । चारवटा डेस्कबाट सेवाउ पलब्ध गराइएको छ । सबै प्रक्रिया पुगेको पर्यटकलाई भिसा दिँदा एक जनालाई सरदर १ मिनेट र डिपार्चलकालागि करिव आधा मिनेटमा सेवा दिने गरेको प्रमुख पाण्डेले बताए ।

सेप्टेम्बरपछि लुम्बिनी आउने पर्यटकको सिजन सुरु हुने भएकाले अत्यधिक पर्यटकको आगमन हुने र बेलहिया नाकाहुँदै प्रस्थान गर्ने पर्यटकको संख्या पनि उत्तिकै हुने भएकाले अध्यायमगन कार्यालयमा लगभग दिनहुँ पर्यटकको भीड लाग्ने गरेको छ । पर्यटनको संख्याको तुलनामा काम गर्ने जनशक्तिको कमी हुँदा पर्यटक सेवालिनका लागि घण्टौं लाइनमा बस्नु पर्ने बाध्यता छ ।

यस नाकाबाट विशेषगरी लुम्बिनीकालागि बुद्धिष्ट मुलुकका पर्यटक भारत हुँदै नेपाल आउने गर्छन् । सामान्यतया सेप्टेम्बरपछि पर्यटक आउने सिजन सुरु हुन्छ । मुख्यतःश्रीलंका, थाइल्याण्ड, म्यानमार, भियतनाम र दक्षिण कोरियाका पर्यटकको आगमन यश नाकाबाट बढी हुन्छ ।

अध्यागमन कार्यालय, बेलहियाको तथ्यांकअनुसार सन् २०२४ मा यस नाकाबाट नेपाल आउने तेस्रो मुलुकका पर्यटकको संख्या ९२ हजार ६ सय ४४ छ भने ९३ हजार २ सय ९० पर्यटक यस नाकाबाट बाहिरिएका छन् ।


» बाँकी २ पेजमा



## रुरुक्षेत्र गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**लक्ष्मण पाण्डे**
प्रमुख प्रशासकीय अधिकृत

**मीना देवी गौतम**
उपाध्यक्ष

**यदु ज्ञवाली**
अध्यक्ष

**अनुरोधक :**

**रुरुक्षेत्र गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# विद्यार्थी पलायन रोक्ने योजना खोई ?

यो वर्ष तीन लाख १७ हजार ४ सय ८२ विद्यार्थीले माध्यमिक शिक्षा उत्तीर्ण गरे । उच्चशिक्षा पढ्नयोग्य यीमध्ये विश्वविद्यालयमा कुल ३५ हजार मात्र विद्यार्थी भर्ना भए । माध्यमिक शिक्षा पूरा गरेर यो वर्ष ३५ हजारले उच्चशिक्षा अध्ययनका लागि भर्ना गरे पनि बाँकी उच्चशिक्षा पढ्नयोग्य दुई लाख ८१ हजार ८७६ विद्यार्थी कहाँ गए ?

माध्यमिक तह पूरा गरेका धेरै विद्यार्थी विश्वविद्यालयमा भर्ना नहुनुको खोजी सरकारी तहबाट हुन सकेको छैन । विश्वविद्यालय जानुपर्ने विद्यार्थी अन्यत्र जानुको कारण खोजी नहुनु गैरजिम्मेवार क्रियाकलाप हो ।

विदेशमा अध्ययनका लागि विद्यार्थीलाई नो अब्जेक्सन सर्टिफिकेट एनओसीउपलब्ध गराउने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एनओसी शाखाले उपलब्ध गराएको तथ्यांकअनुसार पाँच वर्षमा विदेश जाने ७७ प्रतिशतले बढेका छन् । २०७५/०७६ मा ६३ हजार २५९ जनाले एनओसी लिएकोमा २०८०/०८१ सम्ममा एक लाख १२ हजारले लिए । चालु आर्थिक वर्षका पहिला तीन महिनामा २७ हजार ७२७ जनाले एनओसी लिएका छन् ।

नेपालका विश्वविद्यालयको कक्षा कोठामा जानुपर्ने विद्यार्थी धमाधम विदेश गइरहेका छन् । किन नेपाली विश्वविद्यालयको कक्षा कोठामा बस्न उनीहरुको रुची भएन ? अहिलेसम्म यो प्रश्नको उत्तर सरकारी निकायले खोजी गरिसक्नुपर्दथ्यो । तर अहिलेसम्म न प्रश्नको उत्तर खोजिएको छ, नत खोज्ने योजना छ ?

२०७४ सालमा विश्वविद्यालय अनुदान आयोगले गरेको अध्ययन प्रतिवेदनले उच्चशिक्षामा सुधार आवश्यक रहेको देखाएको छ । प्रतिवेदनमा नेपाली विद्यार्थीहरू विदेश जानु, शैक्षिक गुणस्तरमा गिरावट आउनु र त्यहीकारण उच्च शिक्षाले विद्यार्थीको आवश्यकता पूरा गर्न नसकेको उल्लेख छ । तर गुणस्तर सुधारका लागि कसले के गर्ने भन्ने प्रष्ट उल्लेख छैन । यो प्रतिवेदनलाई आधार मानेर थप अध्ययन भएको पाइदैन् । विश्वविद्यालयको संख्या नेपालमा बढिरहेको छ । आवश्यकता छ कि छैन त्यसबारे अध्ययन छैन । तर विश्वविद्यालय थपिएकै छन् । अझ प्रदेश संरचना स्थापना भएपछि प्रादेशिक विश्वविद्यालय स्थापना भइरहेका छन् । अहिलेको आवश्यकता शैक्षिक गुणस्तर सुधार हो । यहाँ विश्वविद्यालय तह पूरा गरेपछि बजारमा खपत हुने जनशक्ति तयार गर्नुपर्नेछ, तर विश्वविद्यालय थप गर्ने होड छ । यसो गर्नु काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैँ हो । अब शैक्षिक सुधारको समग्र रोडम्याप तयार गरेर विश्वास दिलाउन सक्दा मात्रै नेपालका विश्वविद्यालयको कक्षाकोठामा विद्यार्थीलाई राख्न सकिन्छ ।

# नेपालमा पढ्दै कमाउँदै गर्ने वातावरण नै छैन



श्रीज्या काफ्ले




त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा अर्थशास्त्र विभागमा सर्वोत्कृष्ट भएर तारापद चौधरी पदक, खगेन्द्रमान सिंह प्रधान पदक र चन्द्रराज ढुंगेल स्मृति पुरस्कार पाउँदा म धेरै नै खुशी छु ।

पढाइमा सानैदेखि अब्बल थिएँ । परिवारको पनि साथ र सहयोग थियो । अहिले पनि छ । मजस्तै कतिपय छात्राहरुलाई यहाँसम्म आइपुग्न पारिवारिक र सामाजिक अवरोध हुने गरेको मैले देखेको छु । तर मैले त्यस्तो समस्या भोग्नु परेन ।

विद्यार्थीले पढ्ने आ-आफ्नो तरिका हुन्छ । मलाई चाहिँ पढ्नको लागि किताब नै चाहिन्छ । आफूभन्दा अगाडिका दाइदिदीको कपी ल्याएर पढ्न सकिन्छ । इन्टरनेटको सुविधा लिन सकिन्छ । सामाजिक सञ्जाललाई सही सदुपयोग गर्‍यो भनि पढ्नलाई जति पनि सामग्री पाइन्छ ।

मेरो सबैभन्दा बढी लेखेर पढ्ने बानी छ । मैले विषयलाई बुझ्दै पढ्दै लेख्ने गर्छु । एउटै विषय पढिरह्यो भने झ्याउ लाग्न सक्छ । त्यसैले पढ्दा विषय परिवर्तन गर्दै पढ्ने मेरो बानी छ । त्यस्तै कपीमा सफा र बुझिने लेखाइ हुनुपर्छ ।

अब मलाई नेपालमा महिला अर्थशास्त्रीको रूपमा चिनिने चाहना छ । त्यसका लागि मेहनत त गर्नुपर्‍यो । विदेशमा गएर विद्यावारिधी गर्ने सोच भएकाले त्यसको लागि तयारी गर्दैछु ।

विदेशको प्रणाली नेपालकोभन्दा फरक छ । गुणस्तरीय शिक्षा, अनुसन्धान र आफ्नो प्रतिभा प्रस्फुटन गराउन पाउने भएकाले पनि एक पटक विदेश जाने तयारी गरिरहेको छु । नेपालमै विद्यावारिधि गर्ने सम्भावना त छ तर बाहिरी देशमा गएर त्यहाँ सिकेको र अनुभव गरेका कुरालाई नेपालमा आएर कार्यान्वयन गर्न सकिन्छ कि भन्ने हो ।

विकसित देशमा नयाँ-नयाँ कुराको खोज अनुसन्धान भइरहेको हुन्छ । नेपालमा ल्याएर सानो कुराको कार्यान्वयन गर्न सक्यौँ भने पनि ठूलो प्रभाव पर्न सक्छ । त्यसैले एक पटक बाहिरी वातावरण थाहा पाउन पनि जान मन छ ।

**नेपालमा पढ्दै काम गर्ने प्रणाली भएन**

अहिले १२ कक्षा पास गर्ने बित्तिकै धेरै विद्यार्थीलाई विदेश जाने हुटहुटी लागिरहेको हुन्छ । कोही चाहिँ साथीको लहैलहैमा जाने प्रवृत्ति पनि छ । साथी गयो, म किन यहाँ बस्ने ? त्यहाँ गएर साथीले नयाँ फोन किनिसक्यो, आमाबुबालाई बोलाइसक्यो, अब मैले पनि त्यसै गर्नुपर्छ भन्ने एउटा प्रवृत्ति देखिन्छ ।

अर्को कारण चाहिँ बाध्यता छ । अहिलेलाई ऋण गरेर भए पनि जाने, पछि तिरिन्छ भनेर जाने गरेको पनि देखिन्छ । मुख्य कारण भनेको नेपालमा पैसा कमाउँदै पढ्ने वातावरण छैन । पैसा कमाउँदै पढ्यो भने आफ्नो अनुभव पनि भयो । साथै परिवारलाई अलिकति भए पनि आर्थिक रूपमा सहयोग पुग्छ । पैसा कमाउन थालेपछि विद्यार्थीलाई एउटा आश्वासन हुन्छ । यो प्रणाली जबसम्म लागू हुँदैन तबसम्म विद्यार्थी विदेशिने क्रम बढीरहन्छ ।

नेपालमा विद्यार्थीले स्नातक र स्नातकोत्तर गरे पनि जागिर पाउन गाह्रो छ । पाइहाल्यो भने पनि बिहानदेखि साँझसम्म काम गर्दा उसैलाई नै पुग्दैन ।

विदेशमा नेपालमा भन्दा कम समय काम गर्दा पनि धेरै आम्दानी हुन्छ । अर्को कुरा विद्यार्थीले अनुसन्धानमुलक शिक्षा सिक्नका लागि नेपालमा वातावरण छैन । मैले स्नातकोत्तर सकेँ, 'गोल्ड मेडलिस्ट' पनि हो । मैले विश्व बैङ्क, एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमा इन्टर्न पाउन एकदम गाह्रो हुन्छ । साथीले विदेशको विश्वविद्यालयबाट स्नातकोत्तर सक्दा उसको विषय अनुसार सजिलै इन्टर्न पाउँछ । त्यसका लागि त्यो विश्वविद्यालयले पनि सहज बनाइदिन्छ । यो भन्दै गर्दा नेपालमा केही पनि भएन भन्ने पनि होइन । प्रयोगात्मक प्रणालीमा हाम्रा विश्वविद्यालयहरुले मुख्य ध्यान दिनुपर्ने देखिन्छ ।

**सुधारका उपाय**

नेपाल सबैभन्दा धेरै जनशक्ति उत्पादन गर्ने त्रिभुवन विश्वविद्यालय हो । देशमा धेरै निकायमा उच्च पदस्थतदेखि सेवामा कार्यरत जनशक्ति पनि त्रिभुवन विश्वविद्यालयबाटै उत्पादन भएका हुन् । सँगसँगै त्रिभुवन विश्वविद्यालय सबैभन्दा धेरै बेरोजगार उत्पादन गर्ने ठाउँ भनेर पनि चिनिन्छ ।

म पढेको अर्थशास्त्र सङ्कायमा एक्पोजर राम्रो पाएँ । त्यहाँ विदेशबाट प्राध्यापक बोलाएर पनि पाठ्यक्रमसहितका बारेमा जानकारी गराउनुहुन्थ्यो । तर साढे दुई वर्षको पाठ्यक्रमलाई साढे तीन वर्ष लाग्यो । काठमाडौं विश्वविद्यालयमा शैक्षिक पात्रोअनुसार परीक्षा हुन्छ, तर त्रिभुवन विश्वविद्यालयमा पात्रो बनाएर पनि लागू हुँदैन । त्रिभुवन विश्वविद्यालयमा स्रोत साधन हुँदा पनि काम नभएको देखिन्छ । पाठ्यक्रम पुरानो भएकाले अहिलेको समसामयिक विषयलाई पनि जोडेर विकास गर्नुपर्ने देखिन्छ ।

अर्को कुरा भनेको विश्वविद्यालयको परीक्षामा सोधिने प्रश्न पनि कम ओजनको हुन्छ । त्यहाँ विद्यार्थीले गरेका प्रयोगात्मक अध्ययन अनुसन्धानमा आधारित भएर प्रश्न हुनुपर्ने हो । तर धेरैजसो प्रश्न कुनै शीर्षकको परिचय र व्याख्या गर मात्र भनेर सोधिन्छ । यसले विद्यार्थीको रचनात्मक उत्तरलाई सघाउ पुर्‍याउँदैन । त्यसैले परीक्षा प्रणाालीमा पनि सुधार हुन आवश्यक देखिन्छ ।

त्यसपछि भनेको प्रशासनिक प्रक्रियामा सुधार हुन जरुरी छ । परीक्षाको नतिजापछि पाइने प्रमाणपत्र आउन पनि ढिला हुन्छ । हरेक सङ्कायको सोधपत्र तयार भएपछि एउटा कर्मचारीले हेरेर अङ्क टिपेर लैजानु हुन्छ । त्यसरी विश्वविद्यालयले कसरी छिटो नजिता दिन सक्छ ? कम्तीमा सामान्य प्रविधिको प्रयोग पनि गर्न नसकेको देखिन्छ । काठमाण्डौ विश्वविद्यालयमा प्रमाणपत्र लिनलाई चिन्ता लिनै पर्दैन । यो दिन प्रमाणपत्र आउँछ भनेर सूचना आउँछ त्यो दिन गयो लियो । कसैलाई भन्नु पनि पर्दैन ।

यस्तै त्रिभुवन विश्वविद्यालयमा परीक्षाको नतिजा आएपछि बल्ल सोधपत्र गर्न लगाइन्छ । नतिजा नआउँदासम्मको समय विद्यार्थीको यत्तिकै सयम खेर गइरहेको हुन्छ । त्रिभुवन विश्वविद्यालयमा सुधार गनुपर्ने साना कुराहरु धेरै छन् । सुधार गर्ने भनेर लागेको देखिन्छ, तर अझैँ सुधार हुन सकेको छैन । हाम्रो शैक्षिक प्रणालीमा विद्यालयदेखि नै सुधार हुनुपर्छ । सरकारी विद्यालयमा हेर्दा स्रोत साधन र शिक्षक कमी नहुँदा पनि प्रगतिशील शिक्षा पाइँदैन । त्यसैले धेरै अभिभावक आफ्ना छोराछोरीको राम्रो शिक्षाको लागि सरकारी विद्यालयमा नपढाएर निजी विद्यालयमा महँगो शुल्क तिरेर पढाउन बाध्य छन् । विश्वविद्यालयमा अनुसन्धान गर्ने खालको शिक्षा हुन जरुरी देखिन्छ । अनुसन्धान धेरै सङ्कायमा लागू हुने विषय हो । विद्यार्थीको कौशललाई हेरेर सक्षम बनाउनुपर्छ । विद्यार्थीले सैद्धान्तिक शिक्षा प्राप्त गरेर मात्र हुँदैन । यदि उसले पढेको शिक्षा व्यवहारमा प्रयोग गर्न जानेन भने काम लाग्दैन ।

हामीसँग अनुसन्धान गर्ने निकायहरु नभएका होइनन् । अनुसन्धान गर्ने निकायमा सरकारको लगानी भएको देखिँदैन । अनुसन्धान गर्ने निकायमा लगानी गरेर विद्यार्थीलाई समावेश गराउन सके केही नयाँ कुराहरु आउन सक्छ ।

सरकारी निकायमा मात्रै होइन निजी क्षेत्रले पनि विद्यार्थीले आर्जन गरेको शिक्षाको मूल्य दिनुपर्छ । काम गरेर पैसा कम दिने, दिए पनि समयमा नदिने र कतिपयले काम गराएर पैसा नै नदिने पनि गरेका हुन्छन् ।

यस्तो भइसकेपछि कोही पनि नेपालमा बस्दैन । काम गर्ने मानिसले आफ्नो उर्जावान समय दिएको हुन्छ । त्यसलाई अवमूल्यन गर्नुहुँदैन ।

अब विद्यार्थीले अहिले सूचना प्रविधिको युगमा घरमै बसेर पनि अन्तर्राष्ट्रियस्तरका प्राध्यापकसँग पढ्न र सिक्न सक्छन् । विद्यार्थीले आफूसम्बद्ध बाहिरी किताब पढ्ने, इन्टरनेटमा खोज्ने र लेख लेख्ने गर्नुपर्छ ।

नेपालमा सर्वोत्कृष्ट भएका विद्यार्थीलाई छात्रावृत्तिमा विदेशमा अध्ययन गर्न पठाउनुपर्छ । बरु विदेशमा पढिसकेपछि नेपालमै आएर काम गर्ने सर्तसहित सरकारले सम्झौता गर्न सक्छ ।

विदेशमा भएका विद्यार्थीलाई ल्याउन पनि सरकारले विभिन्न नीति ल्याउन सक्नुपर्छ । त्यसपछि नेपाली विद्यार्थी फर्कन सक्छन् । शिक्षा र रोजगारी मात्र होइन उचित स्वास्थ्य सुविधा पनि हुन जरुरी छ ।

विदेशमा आफ्नो परिवारसँग अलग्गिएर एक्लै बस्न सजिलो छैन । त्यसैले विदेश गएकालाई सरकारले नै नेपालमा आउने वातावरण बनाउनुपर्छ । सरकारले चाह्यो भने सम्भव पनि छ ।

**अर्थतन्त्र सुधारको उपाय**

म अर्थशास्त्रको विद्यार्थी भएको नाताले देशको अर्थतन्त्रको बारेमा पनि धेरथोर जानकारी भइरहेको हुन्छ । अहिले देशमा अर्थतन्त्रमा समस्या देखिन्छ । सरकारले पुँजीगत बजेट खर्च गर्न सकिरहेको छैन ।

ठूला पूर्वाधारको तीव्र विकास गर्न सके एकैपटक फड्को मार्न सकिन्छ । चालु आर्थिक वर्षको तथ्याङ्क हेर्दा पछिल्लो पाँच महिनामा १३ प्रतिशत मात्रै विकास खर्च भएको छ । सरकारले त्यही असारको महिना कुरेर बसेको हुन्छ । त्यही पनि वर्षाको समयमा बनाइने पूर्वाधार उतिखेरै भत्किन्छ ।

अहिले पालिका, प्रदेश र सङ्घीय सरकार छ । तीनै तहका सरकारले यसमा जिम्मेवार तरिकाले काम गर्नुपर्ने देखिन्छ । अर्को समस्या भनेको ठूलो रकम निर्माण व्यवसायीले समयमा पाउँदैनन् । त्यसरी अप्रत्यक्ष रूपमा मजदुरहरुलाई असर परेको देखिन्छ । सरकारबाट पाएको पैसा निर्माण व्यवसायीले आफ्ना मजदुरहरुलाई दिने हो । जब व्यवसायीले पैसा पाएनन् भने कसरी मजदुरलाई दिन्छन् । अन्तिममा मारमा त दिनभरी कमाएर साँझको जोहो गर्ने श्रमिकहरुलाई परिरहेको हुन्छ । अर्थतन्त्रमा एउटा कुराले धेरै कुरामा असर पारिरहेको हुन्छ । हामीले सरकारलाई कर तिर्छौं । सामान्य यातायातको बिलबुकको कर तिर्न जाँदा कार्यालयमा बिदा मागेर जानुपर्ने अवस्था छ ।

सरकारले आम्दानी गर्ने विषयमा पनि नागरिकले दुःख पाउनु परेको छ । यति दुःख पाएपछि नागरिकलाई कर तिर्न जान पनि दिक्क लाग्छ । अनि यसरी नागरिकलाई झन्झट गराएर कसरी सरकारले भनेजस्तो कर उठाउन सक्छ ? ट्राफिकको जरिवाना तिर्न जाँदा भने व्यवस्था राम्रो छ । जरीवाना तिर्ने ठाउँको व्यवस्था राम्रो छ तर सरकारलाई आम्दानी हुने ठाउँमा नागरिकलाई हैरानी मात्र छ । बरु सरकारले जरीवाना तिर्न जाँदा नागरिकलाई झन्झट गराहोस् । जसले गर्दा अर्को पटक कसैले पनि गल्ती नगरोस् । त्यसैले अर्थतन्त्र सुधार्न पनि सबैले आ-आफ्नो ठाउँबाट साना साना कुरामा सुधार गर्नुपर्छ ।

उज्यालो अनलाइनबाट

# नेप्से ४९ दशमलव १२ अङ्कले बढ्यो



काठमाडौँ । शेयर बजारमा सोमबार हरियाली छाएको छ । नेपाल स्कट एक्सचेञ्ज (नेप्से) परिसूचक एक दशमलव ८९ प्रतिशत अर्थात् ४९ दशमलव १२ अङ्कले बढेर दुई हजार छ सय ४० दशमलव ६८ विन्दुमा पुगेको छ । विभिन्न तीन सय १२ कम्पनीका एक करोड ५४ लाख ६१ हजार दुई सय ६४ कित्ता शेयर ७५ हजार पाँच सय ४० पटक कारोबार हुँदा रु छ अर्ब ३० करोड ५४ लाख ३१ हजार आठ सय ८५ मा कारोबार भएको नेप्सेले जनाएको छ ।

नेप्सेका अनुसार आजको कारोबारपछि दुई २६ वटा कम्पनीको शेयर मूल्य बढ्दा १२ वटा कम्पनीको शेयर मूल्य ओरालो लागेको छ । साथै, चार वटा कम्पनीको शेयर मूल्य स्थिर छ ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ७० प्रतिशत, साहास ऊजा लिमिटेडको शेयर मूल्य आठ दशमलव ७० प्रतिशत, माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ५९ प्रतिशतले बढेको नेप्सेले जनाएको छ ।

त्यसैगरी उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

**बेलहिया...**

यस नाकाबाट सर्वाधिक २६ हजार ५ सय ७७ जना श्रीलंकन छन् । त्यसपछि थाइल्याण्डबाट २१ हजार ३ सय ९७, म्यान्मारबाट ११ हजार ४ सय २२, भियतनामबाट ७ हजार ४ सय ८४, दक्षिण कोरियाबाट ३ हजार ८ सय ४ र अमेरिकाबाट २ हजार ६ सय ८० जना छन् ।

मुख्यतया यि देशका पर्यटकहरुको संख्या गतवर्ष यो अवधिमा आएका पर्यटकभन्दा धेरै हो । सन् २०२३ मा यो नाकाबाट ८१ हजार ५ सय ५१ जना विभिन्न देशबाट आएका थिए भने ७८ हजार ४ सय २३ जना प्रस्थान गरेका थिए । जसमा साउथ कोरियाको ५ हजार १६, म्यानमारको ११ हजार ७ सय ८५, श्रीलंकाको १८ हजार ४ सय ६०, थाइलैण्डको १७ हजार २ सय ३०, भियतनामको ९ हजार ८ सय पर्यटक आएको अध्यागमन कार्यालयका प्रमुख नारायणप्रसाद पाण्डेले बताए ।

यहाँ आउने पर्यटकको मुख्य गन्तब्य बुद्ध जन्मस्थल लुम्बिनी, कपिलवस्तु र रामग्राम तथा केहीको नेपालका पर्यटकीय गनतव्य र हिमाली जिल्लाहरु हुने गरेको अध्यागमन कार्यालयले जानकारी दिएको छ ।

सन् २०२४ मा यस नाकाबाट आएको यो पर्यटकको संख्या बिगत पाँच वर्षपछिको सर्वाधिक हो । सुनौली-भैरहवा नाका स्थलमार्ग हुँदै सर्वाधिक पर्यटक नेपाल भित्रिने गरेको मुख्य नाका हो । पर्यटक आवागमनको हिसाबले काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पछिको मुलुककै दोस्रो ठूलो हो ।

सन् २०१९ मा १ लाख ६१ हजार ६ सय १९, सन् २०२० मा ४३ हजार ३ सय ६७, सन् २०२१ मा ८ सय १२, सन् २०२२ मा २० हजार २ सय २० र सन् २०२३ मा ८१ हजार ५ सय ५१ पर्यटक आएको कार्यालयका सूचना अधिकृत पुकार श्रेष्ठले बताए ।

यस नाकाबाट आउने अधिकांश पर्यटकको मुख्य गन्तव्य लुम्बिनी हो । त्यसपछिको गन्तब्य पाल्पा, पोखरा, मुक्तिनाथ, काठमाडौं, सौराहाहुन् । मुख्य गन्तब्य स्थल लुम्बिनीमा पर्यटकको बसाइँ अवधि बढ्न सकेको पाइँदैन । अधिकतम २ रातभन्दा बढी पर्यटक बस्न सकेका छैन । अधिकांश पर्यटक सोही दिन नै फर्किने गरेको सूचना अधिकारी श्रेष्ठले भने । पासपोर्ट लिएका दश प्रतिशत हाराहारीमा उही दिन फर्किने गरेको छ, उनीहरू लुम्बिनीमा पाइला टेकेर त्यहीबाट फर्कने गरेका छन् ।

खर्चिलो मध्येको भारतीय पर्यटक पनि एक हो जुन यो नाकाबाट अधिक आगमन हुन्छ, तर भारतीयहरुलाई भिसा लगाउन नपर्ने भएकाले उनीहरुको तथ्यांक अध्यागमनले राख्दैन् ।

नेपाल भित्रिने पर्यटकलाई लक्षित गरी बेलहिया नाकामा खोलिएको पर्यटक सूचना केन्द्र नाममात्र रहेको पर्यटन व्यवसायीको भनाइ छ । सूचना केन्द्रको अवस्था यती नाजुक छ की पर्यटकहरु पनि सूचनाको लागि यताउता भौतरिरहेका हुन्छन् ।

लाखौ पर्यटक भित्र्याउने व्यस्त नाकामध्येको एक प्रमुख नाका रहेको यहाँ पर्यटक सूचना केन्द्रको कार्यालयमा रहेको पर्यटक प्रहरीले उनीहरुको जिज्ञाषा मेटाउन खोजे पनि बजेटकै अभावमा यस्तो गर्न सकेको छैनन् । नेपाल प्रवेश गर्ने बित्तिकै पर्यटकलाई हामी नेपाल प्रवेश गर्दैछौं भन्ने जानकारी पाउनका लागि पर्यटक सूचना केन्द्रमा केहीबेर विश्राम गर्ने, सुचना बोर्ड हेर्ने र नेपालका ऐतिहासिक, धार्मिक, पर्यटकीय गन्तव्यको बारेमा जानकारी दिने कुनै व्यवस्था नहुँदा पर्यटक अन्योलमा पर्ने गरेका छन् ।

पर्यटक सूचना केन्द्रमा कति प्रवेश गरे र कति बाहिरीए बाहेक पर्यटकका लागि कुनै थप सुविधा छैन । यात्रा गरेर आएका थकित पर्यटकलाई, विश्राम स्थल, पिउने पानी, शौचालयको व्यवस्था नै नहुंदा पर्यटकहरुले नेपालको पर्यटन क्षेत्रलाई विश्वास गर्न नसक्ने अवस्था आइरहेको छ । बेलहियामा रहेको पर्यटक सुचना केन्द्रमा ८ जना पर्यटक प्रहरी त छन् तर पर्याप्त भौतिक पूर्वाधार र स्रोतको कमिले गर्दा यसले पर्यटकलाई सबै सुचना दिन भने सकेको छैन । पर्यटक प्रहरीको सीमित साधनस्रोतले मौखिक रुपमामात्र सूचनाहरु पर्यटकलाई दिने गरेको बताउँछन् ।

कार्यालय आएका पर्यटकहरु पर्यटकीय गनतव्यकाबारेमा पर्चा, पम्पलेट, नक्सा, ब्राउसर राख्नु पर्ने भए पनि केही छैन । सबै भन्दा बढी पर्यटक भित्र्याउने नाकाको रुपमा रहेको बेलहियामा पर्यटक सूचना केन्दको अवस्थाबारे सम्बन्धित निकाय र पर्यटन व्यवसायीहरुलाई अवगत भए पनि यसमा खासैले चासो दिएको देखिंदैन । पर्यटकको पहिलो छाप नै यहाँबाट राम्रो दिनुको साटो देशकै गलत सन्देश पहिलो विन्दुमा गरिएको सेवाबाट नै प्रष्ट हुन्छ । पर्यटन व्यवसायीहरुले भैरहवाको बेलहिया नाकामा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमान स्थलमा पर्यटक सूचना केन्द्र व्यवस्थित हुनुपर्ने माग विभिन्न कार्यक्रमहरुमा गरे पनि न त सरकार नै गर्छ न निजी क्षेत्र नै ।

भारतीय सिमाहुँदै नेपालभित्रिने क्रममा पर्यटकलाई भारतीय नम्बर प्लेटका गाडीहरु प्रयोग गर्न दिइनु आफैँमा ठूलो नोक्शानी हो । यदि नेपालले पर्यटन क्षेत्रलाई समृद्धिको आधार मान्छ भने सिमाबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई नेपाली सवारी साधनहरुले यहाँका पर्यटकीय गन्तव्यसम्म पुर्‍याउने व्यवस्था मिलाउन जरुरी देखिन्छ ।

सिद्धार्थनगर नगरपालिकाले बनाउन लागिएको प्रवेशद्वार महिनौदेखि अलपत्र छाड्दा सिमाको प्रवेश विन्दु नै कुरुप देखिन्छ । पर्यटनका ठूला ठूला कुरा गर्दा पर्यटकको पहिलो छाप सिमामा यस्तो देखि पछि के पर्ला ? सिमामा निर्माणाधिन अवस्थामा रहेको अलपत्र गेटले नेपाललाई नै लज्जित बनाएको छ । सिद्धार्थनगर पालिकाले निर्माण गर्न लागेको गेटले नेपाललाई कुरुप चित्रण गरेको छ । पर्यटकलाई स्वागत गर्ने लक्ष्य भए पनि अहिले अवरोधक जस्तै छ । लक्ष्मी निर्माण कम्पनीले १ करोड ६५ लाखमा ठेक्का सम्झौता गरेर म्याद थप गर्दै निर्माण अवधि लम्ब्याउँदै गएको छ ।

यस्तै निर्माण सुरु भएको आठ वर्षसम्म काम सम्पन्न गर्न नसकेको बुटवल बेलहिया सडकखण्डअन्तर्गत बेलहियाको यो फोहोर र हिलाम्मे सडकले गिज्याइरहेको अवस्थाले पर्यटकलाई नेपालप्रतिको नकारात्मक धारणा बनाउन सहयोग गरिरहेको छ ।

पर्यटकले शान्त, रमणिय र सुन्दर वातावरण, पारिवारिक आतिथ्यता चाहेको हुन्छ, तर नेपाल प्रवेश गरेदेखि लुम्बिनी पुग्दा सम्मको सडकको दुर्दशा, सडकको दायाँबायाँ देखिने कवाड, वर्षौंसम्म अलपत्र पुल आदि कारणले पर्यटकको मानसपटलमा नेपालप्रति नैराश्यता देखिने गरेको छ । अव्यवस्थित सडकका कारण सवारी दुर्घटना, असुरक्षित हवाई यात्रा जस्ता विषयमा सरकार गम्भीर बन्न नसक्दा नेपालले पर्यटनको ठुलो अवसर गुमाइरहेको अवस्था छ ।

विरोध गर्न अगाडि लाग्ने पर्यटन व्यवसायीहरुले पनि पर्यटकलाई समय समयमा विभिन्न अफरहरु दिने, नीजि क्षेत्रबाटै केही सौन्दरीकरणको पहल गर्ने, पर्यटकीय गन्तव्यको सम्भाव्यता अध्ययनमा सरकारलाई सहयोग गर्ने जस्ता पर्यटन प्रवर्द्धनका काममा खासै चासो दिएको पाइदैन् । पर्यटन व्यवसायीहरुले पटक पटक सिमानाका व्यवस्थित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराए पनि व्यवसायी र सरकारका निकायबिचको समन्वय नहुंदा पर्यटनको सम्भाव्यता र यसबाट लिन सकिने अवसर गुम्दै गईरहेका छन् ।

तीनतहको सरकार र निजी क्षेत्रको सहकार्यमा सिमामा पर्यटकका लागि सहज व्यवस्थापन, प्रहरीबाट हुने गरेको दुःख र सरसफाइ एवम् सुन्दरीकरणमा ध्यानदिन सके पर्यटन क्षेत्रबाट ठूलो सम्भावना रहेको छ ।

मदन भण्डारी गोल्डकप भलिबल:

# नेपाल पुलिस र त्रिभुवन आर्मी सेमिफाइनलमा

बुटवल । नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो नेपाल पुरुष भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेका छन् । लिग चरणका अन्तिम खेलमा जित निकाल्दै आर्मी र पुलिस समूह बिजेता समेत बन्दै अन्तिम चारमा स्थान पक्का गरेका हुन । यस अघि समूह चरणमा उपविजेता बनेका गुजराँत स्टेट भलिबल क्लब भारत र मणिमुकुन्द भलिबल क्लबले सेमिफाइनलमा ठाउँ बनाएका छन् ।

सोमबार भएको पहिलो खेलमा नेपाल पुलिस क्लबले रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोजो सेटमा पराजित गर्यो । पहिलो सेट २५-१८ मा हारेको रुकुम पश्चिम दोस्रो सेटमा २५-१९ ले हार्यो । तेस्रो सेट प्रतिस्पर्धात्मक भए पनि अन्ततः २८-२६ अङ्कको अन्तरमा पराजित हुन पुग्यो । दोस्रो खेलमा त्रिभुवन आर्मी क्लबले सशस्त्र प्रहरी बललाई ३-१ को सेटमा पराजित गर्यो ।

दुई सेट २५-१७ र २५-२१ को अन्तरमा जिते पनि तेस्रो सेट २५-१९ले जित्दै सशस्त्रले खेलमा पुनरागमन गरेको थियो । तर, चौंथो सेटमा आर्मीले २५-१५ अङ्कको अन्तरमा सशस्त्रलाई पछि पार्दै खेल जित्यो । आज(मंगलबार) पहिलो सेमिफाइनल दिउँसो १२ बजे नेपाल पुलिस क्लब र गुजराँत स्टेट भलिबल क्लबबिच तथा दोस्रो सेमिफाइनल दिउँसो ३ बजे त्रिभुवन आर्मी क्लब र मणिमुकुन्द भलिबल क्लबबिच हुनेछ । मंसिर २४ गरेसम्म चल्ने प्रतियोगिताको विजेताले ७ लाख, उपविजेताले ३ लाख ५० हजार नगद पुरस्कार पाउने छन् ।

स्थापना दिवस

## सिद्धार्थनगरमा पूर्वाधारतर्फ ५९ योजना कार्यन्वयनमा

भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले पूर्वाधार विकास तथा पुँजीगत रकम खर्चलाई तिव्रता दिएको छ ।

पुँजीगत बजेटको लक्ष्य हासिल गरी असारे विकासलाई कम गर्न सयममै ठेक्का लगाउने, ठेक्का सम्झौता गरी काम अगाडि बढाउने काम अहिले धमाधम भैरहेको सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले जानकारी दिए ।

पालीकाहरुमा खासगरी समयमै ठेक्का नखोल्ने र विभिन्न बहानामा बजेट फ्रीज गराउने समस्या छ । त्यस्ता समस्या रोक्न सिर्द्धानगरले आर्थिक वर्षको सुरुवातदेखि नै ठेक्का लगाउने काम गरेको नगरप्रमुख खानले बताए ।

नगरपालिकामा चालु आर्थिक वर्षमा पूर्वाधार विकास शाखामा मात्रै उनसाठ्ठी योजना कार्यान्वयनको चरणमा रहेका छन् ।

नगरपालिकाका पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन महाशाखा प्रमुख साकार श्रेष्ठका अनुसार यि सबै निर्माणतर्फका योजना हुन् । योजनाहरु नगरका १३ बटै वडामा सञ्चालनमा रहेका छन् ।

खासगरी सडक, ढल, नाला, भवन निर्माणतर्फका योजनाहरु कार्यन्वयनमा आएका हुन् । जसमध्ये वडा नं ३ मा रहेको अधुरो टेकवाण्दो भवनमा थप पूर्वाधार निर्माण, वडा नं. ३ मा रहेको बस पार्कको स्तरउन्नति र वडा नं ११ मा बन्न लागेको कान्जी हाउस, सवदाह स्थल र पार्क निमार्ण रहेका छन् । कान्जि हाउसमा छाडा पशुचौपायकालागि सेड र सवदाह स्थलतर्फ मलामि बस्ने प्रतिक्षालयका साथै जलाउने स्थानमा सेड निर्माण गरिने छ ।

त्यस्तै नगरका विभिन्न वडालाई जोडेर ६ दशमलव ५ किलोमिटर एकतर्फी नाला निर्माण हुँदैछ । सडकतर्फ ग्राभेल सडक पाँच दशमलव ७ किलोमिटर निर्माण हुँदैछ । सडकतर्फ आरसिसी सडक पनि निमार्ण हुँदैछ । सार्वजनिक सम्पत्ती संरक्षणको लागि १ सय ४० मिटर लामो पर्खाल निर्मार्ण पनि यसै वर्ष गरिँदैछ ।

Butwal Sub-Metropilitan City
## Office of the Municipal Executive
Butwal, Rupaandehi
Lumbini Province, Nepal

## Invitation for Bid

Date: of Publication: 2081/09/23 B.S

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S. N | Contract No. | Description of works | Estimate Amount (excluding VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 17/081-82 /BSMC/ Works/ NCB | Re-Construction of Black Topped Road with Side Surface Drain, Shanti Path, Butwal - 08, Rupandehi | 61,93,088.38 | 1,55,000.00 | 3,000.00 | 2081/10/24 B.S Time upto 12.00hrs | 2081/10/24 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | RastriyaBanijya Bank, Butwal |
| RajaswaKhata No. | 14229 | |
| Deposit Account No. | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division, Date : 2081/10/14 Time 13:00 hrs

5.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

6.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Procurement Unit
Butwal Sub-Metropolitan City
Butwal, Rupandehi

## छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

## छत्रकोट जिपलाईन संचालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०८१।०९।२३)

छत्रकोट गाउँपालिकाको जिपलाईन संचालन सम्बन्धी कार्यविधि, २०८१ मा भएको व्यवस्था अनुसार छत्रकोट गाउँपालिकामा निर्माण सम्पन्न भएको छत्रकोट जिपलाईन आ.व. ०८१/०८२ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म/कम्पनी/संस्थाहरुले शिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०८१/०८२ का लागि कायम न्यूनतम अंक ( अग्रीम आय कर र मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|
| CRM/Gul/ M/SQ-08/081/082 | छत्रकोट जिपलाईन संचालन | रु. २,००,०००।००- | रु. १०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |

प्रमुख प्रशासकीय अधिकृत

-ठेक्का सम्बन्धी शर्तहरु र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५७०६७९०८ तथा ईमेल–info@chhatrakotmun.gov.np, chhatrakot90@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

## एभरग्रिन डिष्टिलरी प्रा.लि.
देवदह-३, रुपन्देहीको

## मूल्य सूची सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/२३

यस उद्योगबाट उत्पादित मदिराहरु आ.व. २०८१/२०८२ को लागि मिति २०८१/०९/२३ गते देखि लागू हुने गरी निम्न दररेट अनुसार नेपाल भरी बिक्री वितरण गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यु.पि. शक्ति | मि.ली. | वितरक मूल्य प्रति पेटी | वितरक कमिशन प्रति पेटी | थोक विक्रेता मूल्य प्रति पेटी | थोकविक्रेता कमिशन प्रति पेटी | खूद्रा विक्रेता मूल्य प्रति पेटी | खूद्रा विक्रेता कमिशन प्रति पेटी | उपभोक्ता प्रति पेटी मूल्य | उपभोत्ता मूल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KHAJA APPLE, Litchi FLAVOUR Black Wood Extra Dry, Black Wood Premium Globle Extra dry | ५० | १८० | ६६०१.४६ | २९९.४५ | ६९००.९१ | ३०८.४९ | ७२०९.४० | ७१०.६० | ७९२०.०० | १६५.०० |
| Day To Night Apple/Banana/ Mango Flavour/ Vandom /Ice Box/ R.X. XXX,RX EXTRA DRY, EG EXTRA DRY | ५० | १८० | ६०००.३० | २४९.७३ | ६२५०.०३ | २७५.७२ | ६५२५.७५ | ६७४.२५ | ७२००.०० | १५०.०० |
| Langghali/ Nano Extra Dry/ Litchi /Orange | ७० | ३०० | १२००.०६ | १००.५७ | १३००.६३ | १५०.२९ | १४५०.९२ | ४९९.०८ | १९५०.०० | ६५.०० |
| Junkiri/Apple/ Orange/ Litchi, Lemon) | ७० | ३०० | ११५०.३४ | ६४.४१ | १२१४.७५ | ७३.७५ | १२८८.५० | २११.५० | १५००.०० | ५०.०० |
| Rodhi/Kandara | ७० | ३०० | ११०१.७५ | ५०.८५ | ११५२.६० | ६२.१५ | १२१४.७५ | १३५.२५ | १३००.०० | ४५.०० |

नोटः माथि उल्लेखित मूल्यमा स्थानीय कर बाहेक अन्तःशूल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकाश निर्देशनालय
कृषि ज्ञान केन्द्र
तम्घास, गुल्मी

## शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति :- २०८१।०९।२२ गते

कृषि ज्ञान केन्द्र, तम्घास गुल्मीको आ. व २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदानग्राही कृषक, फर्म, समुह, सहकारीका लागी ५० प्रतिशत अनुदानमा विभिन्न कृषि यन्त्र उपकरणहरुको न्युनतम मूल्य कायम गर्ने प्रयोजनार्थ यस कार्यालयमा सूचीकृत भएका र सूचीकृत हुन चाहने योग्यता पुगेका इच्छुक उत्पादक, सप्लायर्स, कम्पनी , फर्महरुले आवश्यक कागजातसहित स्पेकमा सुचना प्रकाशन भएको मितिले २१ दिन अर्थात ०८१।१०।१३ गते कार्यालय समय भित्र दररेट पेश गर्नुहुन अनुरोध छ। नोटः उपलब्ध गराउन सक्ने संस्थाले मुल्य र अन्य विवरण प्रस्ट खोल्नु पर्ने साथै specification मा कृषि औजारको अनिवार्य रुपले सम्पूर्ण विवरण भर्नु पर्नेछ अन्यथा पेश गरेको मूल्य सूची तथा आपूर्तिकर्ता कार्यालयबाट स्वीकृतिको लागि योग्य हुने छैन। थप विवरण यस कार्यालयको Website: gulmi.akc.gov.np बाट प्राप्त गर्न सकिने छ।

## भिजन लुम्बिनी लिमिटेड
बुटवल उपमहानगरपालिका -६, रुपन्देही, नेपाल
फोन नं.: ०७१-५३४३१६, इमेलः info@visionlumbini.com.np

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

पुन प्रकाशित मिति २०८१/०९/२३

**आदारणीय शेयरधनी महानुभावहरु,**

यस भिजन लुम्बिनी लि.को मिति २०८१/०९/०५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस भिजन लुम्बिनी लिमिटेडको नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान तथा समय :**

मिति : २०८१ पौष २७ गते शनिबार तदनुसार (January11, 2025)

स्थान : दियालो फुडल्याण्ड कालिकानगर प्रा.लि.को बुटवल उ.म.न.पा. ११, कालिकानगर, रुपन्देही ।

समय : बिहान ८:३० बजे ।

**२. सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) साधारण प्रस्तावहरु**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को बार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८१ को वासलात, तथा सोही मितिमा समाप्त २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४)कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम आगामी ४ (चार) बर्षे कार्यकाल लागि संचालकहरुको निर्वाचन गर्ने बारे,

५) संचालकहरुको सेवा सुविधा बारे।

**ख) विशेष प्रस्तावहरु :**

१) प्रबन्ध पत्र तथा नियमावलीका दफाहरु तथा नियमावलीहरुमा संशोधन गर्ने बारे,

२) हकप्रद शेयर जारी गर्ने बारे,

३) प्रबन्ध पत्र तथा नियमावलीका दफा तथा नियमाहरु संशोधन, हकप्रद शेयर जारी/निष्काशन गर्ने लगातयतका विषयहरु नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

**ग) विविध ।**

**३. साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१) नवौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१७ गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । अर्थात् मिति २०८१/०९/१६ गते सम्म दर्ता कायम भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने छन्।

२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ७:३० बजे देखी सभा संचालन रहेसम्म खुल्ला गरिनेछ ।

३) बार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागजात वा प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

४)सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि आर्थिक विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी जानकारीको लागि कम्पनीको Website: https://visionlumbini.com.np मा हेर्न सक्नु हुनेछ ।

५) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८१/०९/२५ गते बिहान ८:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल उपमहानगरपालिका वडा नं. ६, गुरुद्धारा पथ रूपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।

६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल काठमाण्डौमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ।

७) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन् ।

८)एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

९) सामान्य प्रस्ताव नं. ४ बमोजिम संचालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत्सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल उपमहानगरपालिका -६, रुपन्देही उपलब्ध हुनेछ। साथै कम्पनीको Website: https://visionlumbini.com.np मा समेत उपलब्ध गराईनेछ ।

१०)साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारीक प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

**नोटः संचालकहरुको निर्वाचन सम्बन्धी सूचना यस कम्पनीको मुख्य कार्यालयको सूचना पाटीमा टाँस भईसकेको जानकारी गराउदछौं ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## बगनासकाली गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

# ३० लाखको लगानीमा थारू रिसोर्ट




**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा थारु रिर्सोट सञ्चालनमा आएको छ । नवलपरासीको सरावल गाउँपालिकाको वडा नं. २ स्थित मनरीमा सुविधा सम्पन्न थारु रिर्सोट सञ्चालनमा आएको हो । थारु परिकार र थारु कला संस्कृतिकलाई संरक्षण गर्ने उद्देश्यले सरावल २ स्थित मनरीमा रहेको थारु सांस्कृतिक पार्क नजिकै एक थारु युवाको लागानीमा थारु रिर्सोट सञ्चालनमा ल्याएका छन् ।

थारु समुदायमा लोकप्रिय परिकारका पारखीका लागि एउटा गतिलो गन्तव्य स्थल बनाउने योजनासहित सुविधा सम्पन्न थारु रिर्सोट सञ्चालनमा ल्याईएको सञ्चालक सरावल गाउँपालिका वडान २ स्थित मनरी बस्ने नागेन्द्र चौधरीले बताए ।

लोप हुँदै गएको थारु सांस्कृतिक संरक्षण गर्न र आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित तथा नजिकै रहेको थारु संस्कृतिक पार्कको संरक्षण प्रवर्द्धन र प्रचारप्रचारको निम्ती रिर्सोट सञ्चालनमा ल्याएको चौधरीले बताए ।

उनी भन्छन्-'कोरोना महामारीपछि धेरै व्यवासय खस्किदै गएको, तर होटल व्यवसाय थोरै भए पनि सम्भवाना देखेपछि विदेश जानुभन्दा आफ्नै स्वदेशमा केही गरौ सोंचका साथ आफ्नै गाउँ घर तथा मनरीमा रिर्सोट सञ्चालनमा ल्याएको हो ।'

पहिलादेखि आटो तथा ग्यारेज व्यवासयमा रमाउँदै आएको र अब थारु संस्कृतिक र थारु परिकारको पहिचान दिनको लागि आफ्नै गाउँ मनरीमा सुविधा सम्पन्न रिर्सोट सञ्चालनमा ल्याएको चौधरीको भनाइ छ । थारु संस्कृतिक पार्क नजिकै गरी १२ कठ्ठा लिजमा लिएर थारु गाउँ र अझैं पर्यटकलाई लक्षित गरी थारु रिर्सोट सञ्चालनमा ल्याएको सञ्चालक चौधरीले जानकारी दिए ।

मनरी गाउँमा धेरै थारु बस्ती रहेको थारु संस्कृतिक प्रवर्द्धन र थारु खाना परिकार प्रवर्द्धन गर्नको लागि रिर्सोट सञ्चालनमा ल्याएको चौधरीले बताए । स्थानीय उत्पादन भएको खानाको परिकार बनाउने बताउँदै चौधरीले आफ्नै गाउँघरमा उत्पादन चामल दाल तरकारीहरु, मासु लोकल गाउँमै पालको हाँस लोकाल कुखुरा, परेवा ताजा माछालगायतको खानाको परिकार बनाउने व्यवस्था गरिएको बताए ।

चौधरीले ३० लाखको लागानी भइसकेको, तर सरचानाहरु निर्माण कार्य जारी रहेको र स्थानीयलाई रिर्सोटमा सात जनालाई रोजगारी पनि दिएको बताए । हाल करिब एक सय जना अट्ने क्षमताको सभाहल, कटेजसहित खानाको परिकार सेवा दिँदै आएको चौधरीले भने केही समयपछि थारु कला र साँस्कृतिक झल्किने नृत्य प्रदर्शनी हेर्न पाउने सेवा बिस्तारको तयारी भइरहेको छ । सरावल गाउँपालिकामा थारु समुदायको बहुल्यता धेरै रहेको छ ।

# उद्योग व्यापार संघले आगामी वर्ष पाँचौं औद्योगिक प्रदर्शनी तथा व्यापार मेला गर्ने




बुटवल । उद्योग व्यापार संघ बुटवलले पाँचौं औद्योगिक प्रदर्शनी तथा व्यापार मेला एवं पर्यटन महोत्सव २०८२ आगामी २०८२ पुस ५ देखि १८ गतेसम्म गर्ने भएको छ । बुटवलका उद्योगी व्यवसायीका मुख्य चार संस्थाले हरेक वर्ष आलोपालो मेला सञ्चालन गर्ने बुटवल उप-महानगरसँगको सहमतिअनुसार २०८२ साल पुसमा मेला गर्न लागेको संघले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

बुटवल मण्डपमा यस अधिकाभन्दा फरक र विशिष्ट तरिकाले सम्पन्न गर्ने उद्देश्यका साथ तयारीका काम सुरु भएको र २५० स्टल बुक भइसकेको उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले बताए ।

उनले मेला सञ्चालनका लागि बुटवल उपमहानगरपालिकामा पुसमा मेला गत मंसिर ७ गते निवेदन दर्ता र मेलाको मिति तय भइसकेपछि २०८२ साल पुस ५ देखि १८ गतेसम्म मेला सञ्चालन गर्ने जानकारी पत्र पनि उपमहानगरलाई गराइसकेको अध्यक्ष विष्णुप्रसाद पाण्डेले बताए ।

संघका निवर्तमान अध्यक्ष गोविन्द राज गैरेले बुटवलका ४ वटा संस्थाले आलोपालो मेला सञ्चालन गर्ने नियम अनुसार २०७८ सालमा संघले चौथो मेला सफलतापूर्वक सम्पन्न गरेको र आगामी २०८२ मा पाँचौ मेला गर्न लागेको बताए ।

संघका संस्थापक अध्यक्ष खिम नारायण पराजुलीले २०८२को मेला यस अघिकोभन्दा फरक र उत्कृष्ट बनाउन एक वर्षअघिबाटै तयारी थालेको बताए । स्वाधीन अर्थतन्त्र निर्माणका लागि औद्योगीकरण तथा व्यापार विविधिकरणको मूल नारासहित संघले मेलामा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने पराजुलीले बताए ।

संघका वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जिसी, महासचिव यमलाल मरासिनीलगायतले बुटवलमा मेला तथा प्रदर्शनी गर्दै आएका अन्य तीन संस्था, सरोकारवाला सरकारी र गैर सरकारी निकायसँग सहकार्य गरेर मेलालाई हालसम्मकै उत्कृष्ट बनाउने गरी तयारी थालेको बताए ।

# युनिभर्सल मेडिकल कलेजको अध्यक्षमा पुनःशर्मा

भैरहवा । युनिभर्सल ईन्स्टियुट अफ एडभान्स स्टडीज् एण्ड रिसर्च सेन्टर प्रा.लि. (यु.सि.यम.यस., शिक्षण अस्पताल) को २६औं वार्षिक साधारणसभाले अध्यक्षमा रमेश शर्मा र प्रबन्ध निर्देशकमा खुमाप्रसाद अर्याल चयन भएको हो ।

वि.सं. २०५४ सालमा स्थापनाभई स्वास्थ्य सेवामा निजी क्षेत्रबाट सञ्चालित त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपालको पहिलो मेडिकल कलेजहो । शान्तिका अग्रदुत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वार अवस्थित अस्पतालले अन्तर्राष्ट्रिय स्तरको दक्ष जनशक्ति उत्पादनका साथै सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । संस्थाको २६औं वार्षिक साधारणसभाले आगामी दिनमा थप प्रभावकारी भएर आफ्ना क्रियाकलाप केन्द्रित गर्ने प्रतिबद्धता गरेको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष रमेश शर्माले वार्षिक प्रतिवेदन पेश गरेका थिए भने प्रबन्ध निर्देशक खुमाप्रसाद अर्यालले सभामा सहभागी शेयर सदस्यहरुबाट उठेका प्रश्न, जिज्ञासा, सुझावलगायत आगामी कार्ययोजनाकाबारेमा अवगत गराएका थिए । कम्पनी सचिव राजु बस्नेत क्षेत्रीले आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेको थिए। साधारणसभाअन्तर्गत सम्पन्न निर्वाचनमा आगामी सञ्चालक समितिकालागि निर्देशकमा रमेश शर्मा, खुमाप्रसाद अर्याल, लोकहर्ष शाक्य, सिताराम तिमल्सिना र परिक्षित खेम्का निर्विरोध निर्वाचित गरेको छ । यस्तै पहिलो सञ्चालक समितिको बैठकले अध्यक्षमा रमेश शर्मा र प्रबन्धनिर्देशकमा खुमाप्रसाद अर्याल सर्वसम्मतिले चयन गरेको छ ।

हालसम्म यस कलेजबाट स्नातक कार्यक्रमअन्तर्गत एम.बी.बी.एस.मा २,१६३, बी.डी.एस.मा ७१३, बी.एस्सी. नर्सिङ्गमा २००, बी.एन.एस.मा १३५, बी.फार्मेसीमा १२१, बी.एस्सी. एम.एल.टी.मा ४४, बी.पी.एच.मा ५५, बी.एस्सी. एम.आई.टी.मा ९, स्नातकोत्तर कार्यक्रमअन्तर्गत एम.डि./एम.एस.मा २६३, एम.डि.एस.मा७१ र एम.एन.मा ७ गरी कुल ३,७८१ जनाविद्यार्थीहरु दिक्षितभएका छन् भने अस्पतालले आर्थिक वर्ष २०८०/०८१ मा १९,३४१ आकस्मिक बिरामी, १९२,८३७ ओ.पि.डी. विरामी, १७,८३४ आई.पि.(भर्ना बिरामी), ५,९६३ शल्यक्रिया, ४,०५७ प्रसूति सेवा (डेलिभरी), ९,५१६ डायलासिस सेवा, ४,३३,१२६ प्रयोगशाला परीक्षणमार्फत् सेवा दिएको छ ।

सभामा यु.सि.यम.यस.का निर्देशक भेषराज अर्याल, सतिष केडिया, संजिविनी ग्रुप अफ कम्पनीका जनरल म्यानेजर सन्तोषकुमार खनाल, यु.सि.यम.यस. शिक्षण अस्पतालका प्रमुख कार्यकारी अधिकृत अजयकुमार पि.एस., गण्डकी मेडिकल कलेजका प्रमुख कार्यकारी अधिकृत प्रा.डा.रविन्द्रमान श्रेष्ठ, नेपालगञ्ज मेडिकल कलेजका प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार बी.एन., प्राचार्य प्रा.डा.लक्ष्मी पाठक, सह-प्राचार्य प्रा.डा.हेमन्त हलुवाई, मेडिकल सुपरिन्टेन्डेन्ट प्रा.डा.साधनमुखी, वित्तनियन्त्रक सुरज पौडेललगायतको उपस्थिति रहेको थियो । साधारणसभा संस्थाका निर्देशक लोकहर्ष शाक्यको स्वागत तथा कम्पनी सचिव राजु बस्नेत क्षेत्रीको सञ्चालनमा भएको थियो ।

## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

Date of Publication: 2081/09/23

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. N. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 19/KM/NCB /2081/82 | Construction of Culvert at ward 14 and Simana of ward 12 and 13 | 2844406.98 | 2081/10/24, BS) Upto 12Hr | 120 days | 83,000/- | 3000/- |
| 2 | 20/KM/NCB /2081/82 | Wada no 17 ma Kawasoti KhanepaniTatha Sarasafai Aayojana | 3451103.35 | 2081/10/24, BS) Upto 12Hr | 120 days | 1,00,000/- | 3000/- |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile:9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

## वाणगंगा नगरपालिकाको अनुरोध

**शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने ।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने ।

**अनुरोधक**

**वाणगंगा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ,लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com